(संवत् २०८१ साल माघ मसान्तसम्म भएका संशोधन मिलाइएको)

# नगर विकास ऐन, २०४५

| | लालमोहर र प्रकाशन मिति |
|---|---|
| संशोधन गर्ने ऐन | २०४५।८।१ |
| १. नगर विकास (पहिलो संशोधन) ऐन, २०४७ | २०४७।१०।२७ |
| २. न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| ३. नगर विकास (दोस्रो संशोधन) ऐन, २०४९ | २०४९।७।१३ |
| ४. नगर विकास (तेस्रो संशोधन) ऐन, २०५४ | २०५४।९।१६ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| ५. केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ | २०६४।५।९ |
| ६. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन,२०६६◆ | २०६६।१०।७ |
| ७. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ८. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

२०४५ सालको ऐन नं. २२

2................

नगर विकास सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः बढ्दो जनसङ्ख्या तथा शहरीकरणको परिप्रेक्ष्यमा भइरहेका नगरहरुको पुनः निर्माण, विस्तार र विकासको साथै नयाँनगरहरुको निर्माण गरी नगरबासीहरुलाई आवश्यक सेवा र सुविधाहरु पुर्‍याउन तथा सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा एवं आर्थिक हित कायम राख्न सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाईबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः

कानून तथा संसदीय मामिला मन्त्रालय

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

१.१ यस ऐनको नाम "नगर विकास ऐन, २०४५" रहेको छ ।

१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

२.१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

२.१.१ "नगर योजना" भन्नाले दफा ३ बमोजिमको मन्त्रालयबाट स्वीकृत नगर योजना सम्झनु पर्छ ।

२.१.२ "समिति" भन्नाले दफा ४ बमोजिमको नगर विकास समिति सम्झनु पर्छ ।

■२.१.२क "▣स्थानीय तह" भन्नाले प्रचलित कानून बमोजिम गठन भएका ▣गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिका समेतलाई जनाउँछ ।

■२.१.२ख "स्थानीय योजना" भन्नाले ▣स्थानीय तहले आफ्नो क्षेत्रभित्रको भौतिक विकासको लागि तत्सम्बन्धी कार्यक्रम निर्धारण गरी तयार गरेको योजना सम्झनु पर्छ ।

■२.१.२ग "संस्था" भन्नाले बसोबास, वस्ती विकास, बजार विकास जस्ता भौतिक विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएको संस्था सम्झनु पर्छ ।

⊕२.१.२घ "मन्त्रालय" भन्नाले नेपाल सरकारको सहरी विकास मन्त्रालय सम्झनु पर्छ ।

---

■ तेस्रो संशोधनद्वारा थप ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

⊕ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५द्वारा थप ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२.१.३ "जग्गा" भन्नाले जुनसुकै जग्गा र त्यसमा स्थायी रुपले रहेका घर, बनोट, ताल, पोखरी, रुख आदि र सो घर बनोट, ताल, पोखरी, रुख आदिसँग स्थायी रुपले जोडिएको कुराहरुलाई समेत जनाउँछ ।

२.१.४ "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. <u>नगर योजना तर्जुमा र स्वीकृतिः</u>

३.१ देहायको कुनै वा सबै उद्देश्य पूरा गर्न समितिले नगर योजना तर्जुमा गर्न सक्नेछः–

३.१.१ नेपाल [2].......... को कुनै भागमा एकीकृत रुपमा नगरको भौतिक विकास गर्ने,

३.१.२ भइरहेको नगरको पुनः निर्माण, विस्तार र विकास गर्ने तथा नयाँनगरको निर्माण गर्ने,

▶३.१.३ नगर विकासको लागि भू–उपयोग क्षेत्र निर्धारण गर्ने, त्यस्तो क्षेत्रमा गर्न पाइने भौतिक विकासको मापदण्ड तोक्ने तथा त्यस्तो क्षेत्रको जनघनत्वको आधारमा सडक, यातायात, बिजुली, ढल निकास, सरसफाई, खुल्ला क्षेत्र लगायतका सेवा तथा सुविधा उपलब्ध गराउने,

३.१.४ उपर्युक्त कार्यहरुसँग सम्बद्ध अन्य कार्यहरु गर्ने ।

३.२ उपदफा ३.१ बमोजिम समितिले बनाएको नगर योजना मन्त्रालयबाट स्वीकृत हुनु पर्नेछ ।

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

⌘३.३ मन्त्रालयले स्वीकृत गरेको नगर योजनाको विस्तृत विवरण सहितको सूचना ➔.......... सर्वसाधारणको जानकारीको लागि नेपाल राजपत्रमा प्रकाशित गर्नु पर्नेछ ।

■३क. स्थानीय योजनाको तर्जुमा र स्वीकृतिः

३क.१ नगर योजना स्वीकृत भई नसकेका क्षेत्रहरुमा ◙स्थानीय तहले सम्बन्धित जग्गा धनी वा मोहीहरुलाई समावेश गरी स्थानीय योजना तर्जुमा गर्न सक्नेछ ।

३क.२ उपदफा ३क.१ बमोजिम स्थानीय योजनाको तर्जुमा गरिसकेपछि ◙स्थानीय तहले समिति गठन भएको ठाउँमा समितिको, समिति गठन नभएको ठाउँमा नगर विकास जिल्ला समन्वय समितिको र सो समिति पनि गठन नभएको ठाउँमा नगर विकास केन्द्रीय समन्वय समितिबाट त्यस्तो योजना स्वीकृत गराउनु पर्नेछ ।

३क.३ उपदफा ३क.२ बमोजिम स्थानीय योजना स्वीकृत भइसकेपछि ◙स्थानीय तहले त्यस्तो योजनाको विस्तृत विवरण समेतको सूचना सर्वसाधारणको जानकारीको लागि नेपाल 2........... बाट प्रकाशित हुने कुनै दुई प्रमुख पत्र–पत्रिकामा प्रकाशित गर्नु पर्नेछ ।

■३ख. स्थानीय योजनाको सञ्चालनः◙स्थानीय तहले स्थानीय योजनाको सञ्चालन गर्दा अपनाउनु पर्ने कार्यविधि तथा अन्य व्यवस्था दफा ३क. को उपदफा ३क.२ बमोजिम योजना स्वीकृत गर्ने समितिले तोकिदिए बमोजिम हुनेछ ।

---

⌘ दोस्रो संशोधनद्वारा संशोधित ।

➔ तेस्रो संशोधनद्वारा झिकिएको ।

■ तेस्रो संशोधनद्वारा थप ।

◙ केहीनेपालऐनसंशोधनगर्नेऐन, २०७२द्वारासंशोधित।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६द्वारा झिकिएको।

➢४. नगर विकास समितिको गठनः

४.१ नेपाल सरकारले नगर योजना कार्यान्वयन गर्न आवश्यकता अनुसार प्रत्येक स्थानीय तहमा नगर विकास समिति गठन गर्न सक्नेछ ।

४.२ समितिमा देहायका सदस्यहरु रहनेछन्ः–

४.२.१ सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्ष –अध्यक्ष

४.२.२ सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको प्रमुखले तोकेको सो समितिको सदस्य –सदस्य

४.२.३ प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत –सदस्य

४.२.४ वन, भूमि तथा नापी सम्बन्धी स्थानीय तह वा जिल्लास्थित कार्यालयका प्रतिनिधिहरु –सदस्य

४.२.५ नगर कार्यपालिका वा गाउँकार्यपालिकाका सदस्यहरु मध्येबाट सम्बन्धित नगर कार्यपालिका वा गाउँकार्यपालिकाले तोकेको तीन जना सदस्य –सदस्य

४.२.६ स्थानीय क्षेत्रको विकासमा महत्वपूर्ण योगदान गरी आएका सोही क्षेत्रका समाजसेवीहरु मध्येबाट सम्बन्धित स्थानीय तहको कार्यपालिकाले मनोनीत गरेका एकजना महिला सहित दुई जना –सदस्य

४.२.७ सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत –सदस्य–सचिव

➢ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

४.३ समितिले आवश्यक देखेमा सम्बन्धित स्थानीय तहको विकासमा महत्वपूर्ण योगदान गर्ने व्यक्ति वा कुनै विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

५. समिति सङ्गठित संस्था हुनेः

५.१ उपदफा ४.१ बमोजिम गठित समिति अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

५.२ समितिको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

५.३ समितिले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

५.४ समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

६. समितिको बैठक सम्बन्धी कार्यविधिः

६.१ समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

६.२ समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

६.३ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ ।

▶६.४ समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । समितिको अध्यक्ष नतोकिएको अवस्थामा वा निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

६.५ समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा सदस्य–सचिवले बोलाउनेछ ।

६.६ समितिको बैठकले गरेको निर्णय सदस्य–सचिवले अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई अद्यावधिक गरी राख्नु पर्नेछ ।

६.७ समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

▶७. उपसमितिहरु गठन गर्न सक्नेः

७.१ समितिले आफ्नो काम कारबाही सुचारुरुपले सञ्चालन गर्नको लागि आवश्यकतानुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

७.२ उपदफा ७.१ बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार तथा अन्य कार्यविधि समितिले तोकिदिए बमोजिम हुनेछ ।

८. रोक लगाउन सक्नेः

८.१ ❐नगर योजना तर्जुमा सम्बन्धी कामको लागि समितिले समय समयमा स्पष्टरुपले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी दुई वर्षको अवधि ननाघ्ने गरी सोही सूचनामा तोकिएको अवधिभरको लागि नगर योजना क्षेत्रभित्र पर्ने जुनसुकै प्रकारको अचल सम्पत्ति समितिको पूर्व स्वीकृति विना टुक्रयाउन वा कुनै प्रकारले भौतिक परिवर्तन गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

८.२ उपदफा ८.१ बमोजिम रोक लगाएको कुराको सूचना समितिले रजिष्ट्रेशन गर्ने सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ ।

८.३ रजिष्ट्रेशन गर्ने सम्बन्धित कार्यालयले उपदफा ८.२ बमोजिमको सूचना पाएमा त्यस्तो अचल सम्पत्ति टुक्रयाउने गरी रजिष्ट्रेशन गर्न हुँदैन ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

❐ दोस्रो संशोधनद्वारा थप ।

९. नियमित, नियन्त्रण वा निषेध गर्न सक्नेः

९.१ समितिले समय समयमा स्पष्ट रुपले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी नगर योजना क्षेत्रभित्र देहायका काम कुराहरु आवश्यकतानुसार नियमित, नियन्त्रण वा निषेध गर्न सक्नेछ र त्यसरी नियमित, नियन्त्रण वा निषेध गरिएका काम कुराहरु समितिको पूर्व स्वीकृति विना कसैले गर्न गराउन हुँदैनः–

९.१.१ कृषि, प्राकृतिक सम्पदा, वनस्पति, वन जङ्गल, जीवजन्तु, पुरातात्विक, धार्मिक, ऐतिहासिक स्थलहरु र आवादी तथा पर्ति जग्गाहरु एवं अचल सम्पत्तिको उपभोग र प्रयोग गर्न,

९.१.२ कुनै प्रकारको भवन, कार्यालय वा अन्य कुराहरुको नयाँनिर्माण गर्न वा निर्माण भैसकेका त्यस्ता कुराहरुको विस्तार गर्न,

९.१.३ कुनै प्रकारको बस्ती, बसोबास वा आवास बनाउन वा बसाउन र मनोरञ्जन, बजार, हाट, उद्योग आदि स्थलहरु बसाल्न वा बनाउन,

९.१.४ प्राकृतिक सौन्दर्य पर्यटनस्थल र जनसाधारणको स्वास्थ्यमा प्रतिकूल असर पर्ने वा कुनै प्रकारले वातावरण दूषित हुने काम गर्न,

९.१.५ बाटो घाटो, पुल र त्यसमा प्रयोग हुने यातायातको साधन, वृक्षारोपण, पानी, बत्ती, आदि प्रयोग गर्न ।

९.२ उपदफा ९.१ को प्रयोजनको लागि समितिले स्वीकृति दिँदा आंशिक वा पूर्णरुपले स्वीकृति दिन वा नदिन वा स्वीकृति दिँदा आवश्यक ▶निर्देशन वा शर्त वा मापदण्ड समेत तोकिदिन सक्नेछ ।

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

९.३ नगर योजना क्षेत्रभित्रको कुनै अचल सम्पत्तिको तथ्याङ्क लिन वा सर्भे गर्नको लागि कुनै घर वा जग्गामा प्रवेश गर्न वा सम्बन्धित व्यक्तिलाई बुझ्न समिति वा समितिले खटाएको व्यक्तिलाई पूर्ण अधिकार हुनेछ ।

१०. रोक्ने वा भत्काउनेः

१०.१ दफा ९ अन्तर्गत समितिले नियमित, नियन्त्रण वा निषेध गरेका काम कुराहरु कसैले समितिको पूर्व स्वीकृति विना गरेमा वा समितिले स्वीकृति दिँदा ▶कुनै शर्त वा मापदण्ड तोकिदिएको भए त्यस्तो शर्त वा मापदण्ड विपरीत हुने गरी गरेमा समितिले त्यस्तो काम तत्काल रोक्ने आदेश दिन सक्नेछ र त्यस्तो कामको सिलसिलामा कुनै निर्माण गरेको रहेछ भने समितिले पैंतीस दिनको म्याद दिई सम्बन्धित व्यक्तिलाई ▶त्यसरी समितिको स्वीकृति बिना वा शर्त वा मापदण्ड विपरीत निर्माण गरेको जति भाग भत्काउन वा हटाउन आदेश दिन सक्नेछ ।

१०.२ उपदफा १०.१ बमोजिम समितिले कुनै निर्माणको भाग भत्काउन वा हटाउन दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले सो आदेश पाएको मितिले पैंतीस दिनभित्र दफा २० बमोजिमको पुनरावेदन समिति समक्ष उजूरी दिन सक्नेछ । सो उजूरीको सम्बन्धमा पुनरावेदन समितिले उजूरी परेको मितिले तीस दिनभित्र निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ ।

१०.३ उपदफा १०.२ बमोजिम उजूरी परेकोमा पुनरावेदन समितिबाट त्यस्तो निर्माणको भाग भत्काउने वा हटाउने गरी निर्णय भएमा सो निर्णय भएको मितिले पैंतीस दिनभित्र र उजूरी नपरेकोमा उपदफा १०.१ बमोजिम समितिले आदेश दिएको मितिले पैंतीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो निर्माणको भाग भत्काउनु वा हटाउनु पर्नेछ ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

१०.४ उपदफा १०.३ को म्यादभित्र सम्बन्धित व्यक्तिले त्यस्तो निर्माणको भाग नभत्काएमा वा नहटाएमा समिति आफैले भत्काउन वा हटाउन सक्नेछ र त्यसरी भत्काउँदा वा हटाउँदा लागेको खर्च ✂सम्बन्धित व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

❒१०.५ उपदफा १०.४ बमोजिम समिति आफैले कुनै निर्माणको भाग भत्काउँदा वा हटाउँदा ▣गाउँपालिका वा नगरपालिकाका सम्बन्धित वडाका सदस्यको रोहवरमा भत्काउनु वा हटाउनु पर्नेछ । यसरी भत्काउँदा वा हटाउँदा भरमग्दुर प्रयास गर्दा गर्दै पनि भत्काउनु वा हटाउनु पर्ने भाग भन्दा बढी भाग भत्किन गएमा समिति जवाफदेही हुने छैन र त्यसरी बढी भाग भत्किन गई क्षति पुग्न गए बापत सम्बन्धित व्यक्तिले क्षतीपूर्ति माग गर्न पाउने छैन ।

■१०.६ उपदफा १०.१ बमोजिम समितिले कुनै निर्माणको भाग भत्काउने वा हटाउने आदेश दिएकोमा सो निर्माणको भाग नभत्काए वा नहटाएसम्म त्यस्तो सम्पत्ति कसैलाई कुनै पनि व्यहोराले हक छाडी दिन वा धितो बन्धकी दिन नपाउने गरी रोक्का राख्न समितिले सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ र सम्बन्धित निकायले पनि लेखी आए बमोजिम गरिदिनु पर्नेछ ।

११. समितिको काम, कर्तव्य र अधिकारः

११.१ यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

---

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

❒ दोस्रो संशोधनद्वारा थप ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

■ तेस्रो संशोधनद्वारा थप ।



कानून व्याख्या तथा मस्यौदा महाशाखा

११.१.१ नगर योजना क्षेत्रलाई विभिन्न भू–उपयोग क्षेत्रहरुमा विभाजन गर्ने,

▶११.१.२ भू–उपयोग क्षेत्रमा भौतिक विकासका लागि आवश्यक शर्त वा मापदण्ड तोक्ने,

■११.१.२क भू–उपयोग क्षेत्रको आधारमा जग्गाको वर्गीकरण गर्ने,

■११.१.२ख संस्था वा ◙स्थानीय तहलाई कुनै शर्त वा मापदण्ड तोकी जग्गाको भौतिक विकास गर्न मार्गदर्शन गर्ने,

११.१.३ प्राचीन स्मारक सम्बन्धी प्रचलित नेपाल कानूनको अधीनमा रही नगर योजना क्षेत्रमा कुनै धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको समुचित विकास तथा सम्भारको लागि आवश्यक परियोजना बनाई कार्यान्वयन गर्ने,

११.१.४ नगर योजना क्षेत्रको प्राकृतिक एवं वातावरणीय संरक्षणको लागि वनजङ्गल, खोलानाला, घाट तथा जलक्षेत्रमा हुने निर्माण एवं अन्य क्रियाकलापहरुको सम्बन्धमा शर्त तोकी सो बमोजिम कार्य गर्ने गराउने,

११.१.५ प्रतिकूल प्रभाव पर्ने गरी प्राकृतिक सम्पदाको उपयोग गर्न निषेध गर्ने,

११.१.६ नगर योजनाले निर्दिष्ट गरे बमोजिम भू–उपयोग क्षेत्रमा जग्गा विकास तथा भवन निर्माण परियोजना बनाई कार्यान्वयन गर्ने,

११.१.७ नगर योजना अनुरुप नेपाल सरकारले समय समयमा दिएको निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा थप ।

◙ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

११.२ यस ऐन बमोजिमका काम कारबाही गर्दा नेपाल सरकारका सम्बन्धित निकायसँग समन्वय कायम गरी काम गर्नु गराउनु समितिको कर्तव्य हुनेछ ।

१२. जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सक्नेः

१२.१ सुनियोजित रुपमा नगरको विकास गर्ने क्रममा विभिन्न आय वर्गका व्यक्तिहरुको निमित्त आधारभूत आवासको आवश्यकता पूरा गर्नको लागि आवास घडेरीको व्यवस्था गर्न र अन्य शहरी क्रियाकलापको लागि समितिले नेपाल सरकारको नीति निर्देशनको अधीनमा रही देहाय बमोजिम जग्गा विकास कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछः–

१२.१.१ नगर योजना क्षेत्रभित्रको कुनै भागमा ■कम्तीमा पचहत्तर प्रतिशत स्थानीय जग्गाधनी र मोहीहरु समेतको सहभागिता जुटाई सेवा सुविधा सम्बन्धी परियोजना तर्जुमा गर्ने र सो परियोजना बमोजिम काम गर्न नेपाल सरकारको सम्बन्धित निकाय, कुनै सङ्गठित संस्था *नगरपालिका वा स्थानीय जनताले लगानी गर्ने गरी निर्देशित जग्गा विकास (गाईडेड लायण्ड डेभलपमेण्ट) कार्यक्रम सञ्चालन गर्ने,

१२.१.२ नगर योजना क्षेत्रभित्रको कुनै भागमा ⊕कम्तीमा एकाउन्न प्रतिशत जग्गाधनी वा मोहीहरुको सहमति रहेमा सो ठाउँमा रहेका जग्गाका विभिन्न कित्ताहरुलाई एकीकरण गरी सो जग्गामा नगर योजना अनुरुप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्तो सेवा सुविधाको व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरु बेची असुल गर्ने र बाँकी विकसित

■ तेस्रो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

⊕ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

घडेरीहरु साविक कै जग्गाधनी वा मोहीहरुलाई समानुपातिक आधारमा फिर्ता दिने व्यवस्था गरी जग्गा एकीकरण (लायण्ड पुलिंग) कार्यक्रम सञ्चालन गर्ने,

■१२.१.२क उपदफा १२.१.२ बमोजिम नगर योजना क्षेत्रभित्रको कुनै भागमा समितिले जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्न चाहेमा वा यस दफा बमोजिम जग्गा विकास कार्यक्रम सञ्चालन नभएको भागमा चार किल्ला खोली जग्गा एकीकरण कार्यक्रम सञ्चालन गराई पाउँभनी सो ठाउँका कम्तीमा ⊕एकाउन्न प्रतिशत जग्गाधनी वा मोहीहरुले निवेदन गरेमा कम्तीमा पचास परिवार बसोबास हुने ठाउँमा समितिले जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

■१२.१.२ख उपदफा १२.१.२क बमोजिम जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्ने भएमा समितिले स्थानीय जग्गाधनी वा मोहीहरुको सहभागिता जुटाउन उपभोक्ताहरु मध्येबाट उपभोक्ता समिति गठन गर्नेछ र उपभोक्ता समितिको सहयोगमा जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्नेछ ।

■१२.१.२ग उपदफा १२.१.२ख बमोजिम जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्दा समितिले दफा ८ बमोजिमको प्रक्रिया अपनाई सो भागमा रहेका अचल सम्पत्ति टुक्र्याउन वा भौतिक परिवर्तन गर्न नपाउने गरी बढीमा दुई वर्षको लागि रोक लगाउनेछ ।

---

■ तेस्रो संशोधनद्वारा थप ।

⊕ केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०६४ द्वारा संशोधित ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

■१२.१.२घ जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्दा समितिले उपभोक्ता समितिको सल्लाह लिई त्यस भागमा सडक, ढल, खुला क्षेत्र, खानेपानी, बिजुली लगायतका अन्य सेवा सुविधा उपलब्ध गराउन त्यस भागमा रहेका जग्गाको प्रचलित मोल र साबिकको बाटो लगायतका अन्य सुविधा समेतको आधारमा कुन जग्गाधनी वा मोहीको के कति क्षेत्रफल जग्गा छुट्याउनु पर्ने हो, सो यकिन गरी जग्गा छुट्याउनेछ ।

■१२.१.२ङ उपदफा १२.१.२घ बमोजिम जग्गा छुट्याइसकेपछि समितिले उपदफा १२.१.२ बमोजिम विकसित घडेरीहरु साबिकका जग्गा धनी वा मोहीहरुलाई फिर्ता दिने प्रयोजनको लागि सो भागमा पर्ने सम्पूर्ण कित्ताका जग्गालाई एउटै कित्तामा परिणत गरी जग्गा एकीकरण कार्यक्रमलाई अन्तिम रुप दिनको लागि उपदफा १२.१.२ग को अधीनमा रही बढीमा एक वर्षको लागि सो भागमा पर्ने कुनै अचल सम्पत्ति कुनै पनि व्यहोराले हक हस्तान्तरण गर्न नपाउने गरी रोक लगाउन रजिष्ट्रेशन गर्ने सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ र सम्बन्धित कार्यालयले पनि त्यस्तो सूचना प्राप्त भएपछि त्यस भागमा लेखी आए बमोजिम कुनै अचल सम्पत्ति कुनै पनि व्यहोराले हक हस्तान्तरण हुने गरी रजिष्ट्रेशन गर्नु हुँदैन ।

■१२.१.२च उपदफा १२.१.२ङ बमोजिम हक हस्तान्तरण गर्न रोक लगाइसकेपछि समितिले सोही उपदफामा उल्लिखित म्यादभित्र उपदफा १२.१.२ बमोजिम साविकका जग्गाधनी वा मोहीलाई अस्थायी निस्सा सहित विकसित घडेरीहरु फिर्ता गर्नेछ ।

---

■ तेस्रो संशोधनद्वारा थप ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

■१२.१.२छ उपदफा १२.१.२च बमोजिम सम्बन्धित जग्गाधनी वा मोहीलाई अस्थायी निस्सा सहित विकसित घडेरी फिर्ता गरिसकेपछि समितिले सो निस्सा अनुसार नक्सामा मिलान गर्न तथा सो अनुरुप जग्गाधनी दर्ता श्रेस्ता खडा गर्न र जग्गाधनी दर्ता प्रमाण पूर्जा तयार गरी वितरण गर्न सम्बन्धित नापी शाखा र माल वा मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ र सम्बन्धित नापी शाखा र माल वा मालपोत कार्यालयले पनि सो अनुरुप नक्सा मिलान गर्ने, जग्गाधनी श्रेस्ता खडा गर्ने र जग्गाधनी दर्ता प्रमाण पूर्जा तयार गरी सम्बन्धित जग्गाधनी वा मोहीलाई वितरण गर्नु पर्नेछ ।

■१२.१.२ज प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा १२.१.२छ बमोजिम नक्सा मिलान भई नयाँजग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी प्रमाण पूर्जा तयार भइसकेपछि जग्गा एकीकरण कार्यक्रम सञ्चालन भएको भागको साबिकको नक्सा र सो भागमा रहेका जग्गाधनी वा मोहीको साबिकको सबै लगत श्रेस्ता स्वतः बदर हुनेछ ।

१२.१.३ नगर योजना क्षेत्रको कुनै भागको जग्गा दफा १६ बमोजिम नेपाल सरकारबाट प्राप्त गराई समिति आफैले वा कुनै सङ्गठित संस्था मार्फत त्यस्तो जग्गामा सेवा सुविधाको व्यवस्था गरी घडेरीहरु तयार गर्ने र बिक्री वितरण गर्ने गरी घडेरी तथा सेवा सुविधा (साईट्स एण्ड सर्भिसेज) कार्यक्रम सञ्चालन गर्ने,

---

■ तेस्रो संशोधनद्वारा थप ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

■१२.१.३क उपदफा १२.१.३ बमोजिम घडेरी बिक्री वितरण गर्दा समितिले सो नगर योजना क्षेत्रमा घडेरी वा जग्गा नभएका साबिकका जग्गाधनी तथा मोहीलाई प्राथमिकता दिनेछ । त्यसरी बिक्री वितरण गरिएका घडेरीहरु समितिको पूर्व स्वीकृति बिना टुक्र्याउन पाइने छैन ।

१२.१.४ माथि उपदफाहरु बमोजिम जग्गा विकास कार्यक्रम सञ्चालनको निमित्त कुनै जग्गाधनीको एकीकरण गरिएको वा प्राप्त गरिएको जग्गा जग्गा विकास कार्यक्रम अनुसार निर्धारित न्यूनतम इकाईको घडेरीको क्षेत्रफल भन्दा कम हुने रहेछ भने त्यस्तो जग्गाधनीलाई लागेको खर्च लिई न्यूनतम इकाईको एक घडेरी उपलब्ध गराइनेछ ।

■१२.१.५ उपदफा १२.१.४ बमोजिम न्यूनतम इकाईको क्षेत्रफल भन्दा कम जग्गा हुने कुनै जग्गाधनीले समितिले निर्धारण गरेको खर्च तिरी घडेरी लिन नसक्ने भएमा समितिले त्यस्तो जग्गाधनी वा मोहीको जग्गा आफै लिई निजलाई सो जग्गा बापत प्रचलित मोल बराबरको रकम क्षतिपूर्ति दिनेछ ।

❒१२.२ निर्देशित जग्गा विकास कार्यक्रम लागू गर्ने क्रममा बाटो निर्माण गर्दा त्यस्तो जग्गाको मुखमा कुनै व्यक्तिको जग्गा पर्ने रहेछ र त्यस्तो व्यक्तिले सो जग्गा छोड्न नमानी सो बाटो खुलाउने अरु कुनै उपाय नभएमा त्यस्तो जग्गा दफा १६ बमोजिम प्राप्त गरिनेछ । त्यसरी जग्गा प्राप्त गर्दा दिनु पर्ने क्षतीपूर्तिको रकममध्ये पचास प्रतिशत रकम समितिले र बाँकी पचास

■ तेस्रो संशोधनद्वारा थप ।

❒ दोस्रो संशोधनद्वारा थप ।

प्रतिशत रकम जग्गा विकास कार्यक्रम लागू गरिदा लाभान्वित हुने व्यक्तिहरुले व्यहोर्नु पर्नेछ ।

❐१२.३ निर्देशित जग्गा विकास कार्यक्रम सञ्चालन गर्न समितिले स्थानीय जग्गाधनी तथा मोहीहरुको सहभागिता जुटाउन उपभोक्ता समिति गठन गर्न सक्ने छ र समितिको कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउनु त्यस्तो उपभोक्ता समितिको कर्तव्य हुनेछ ।

❐१२.४ समितिले निर्देशित जग्गा विकास कार्यक्रम लागू नगरेको ठाउँमा चार किल्ला खोली निर्देशित जग्गा विकास कार्यक्रम लागू गराई पाउँभनी जग्गाधनी र मोहीहरुले समितिमा निवेदन दिएमा समितिले कम्तीमा पचास परिवार बसोबास हुन सक्ने देखेमा निर्देशित जग्गा विकास कार्यक्रम लागू गर्न सक्नेछ । यसरी निर्देशित जग्गा विकास कार्यक्रम लागू गर्दा कुनै जग्गा प्राप्त गर्नु पर्ने अवस्था परेमा त्यसरी प्राप्त गरिने जग्गाको क्षतीपूर्तिको सम्पूर्ण रकम त्यस्तो कार्यक्रम लागू गरिदा लाभान्वित हुने स्थानीय जनताले व्यहोर्नु पर्नेछ ।

▶१२क. <u>भौतिक विकास सम्बन्धी योजनाको स्वीकृति र सञ्चालनः</u>

१२क.१ नगर योजना लागू भएको क्षेत्रमा कुनै संस्थाले भौतिक विकास सम्बन्धी योजना सञ्चालन गर्न चाहेमा सो योजना तर्जुमा गरी समितिबाट स्वीकृत गराउनु पर्नेछ ।

१२क.२ उपदफा १२क.१ बमोजिम समितिबाट योजना स्वीकृत गराइसकेपछि सम्बन्धित संस्थाले समितिले तोकिदिए बमोजिमको शर्त वा मापदण्ड अनुसार भौतिक विकास सम्बन्धी योजना सञ्चालन गर्नु पर्नेछ ।

■१२ख. <u>संस्थालाई सहयोग तथा छुट दिन सक्नेः</u>

---

❐ दोस्रो संशोधनद्वारा थप ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा थप ।

१२ख.१ भौतिक विकास सम्बन्धी योजना सञ्चालन गर्ने संस्थालाई समितिले देहायका कुनै सुविधा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछः–

१२ख.१.१ भौतिक विकास सम्बन्धी योजना सञ्चालन गर्न प्राविधिक सहयोग उपलब्ध गराउन,

१२ख.१.२ त्यस्तो संस्थालाई आवश्यक पर्ने जग्गा खरिद गर्न बित्त कम्पनी, वित्तीय संस्था वा बैंकबाट सहुलियत प्राप्त क्षेत्र सरह ऋण उपलब्ध गराउन सिफारिस गर्न,

१२ख.१.३ त्यस्तो संस्थालाई आवश्यक पर्ने जग्गा प्रचलित कानून बमोजिम उपलब्ध गराउन ।

१२ख.२ कुनै संस्थालाई भौतिक विकास सम्बन्धी योजना तर्जुमा तथा सञ्चालन गर्ने सिलसिलामा जग्गा खरिद गर्नु परेमा समितिको सिफारिसमा नेपाल सरकारले त्यस्तो जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचास प्रतिशत रकम छुट दिन सक्नेछ ।

तर त्यस्तो संस्थाले सञ्चालन गरेको भौतिक विकास सम्बन्धी योजना कुनै कारणले कार्यान्वयन हुन नसकेमा सो संस्थाले नेपाल सरकारबाट छुट पाएको रजिष्ट्रेशन वापतको रकम र सो रकमको प्रचलित कानून बमोजिमको ब्याज नेपाल सरकारलाई बुझाउनु पर्नेछ ।

१२ख.३ भौतिक विकास सम्बन्धी योजना सञ्चालनको लागि कुनै संस्थालाई हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न छुट दिनु परेमा समितिको सिफारिस र हदबन्दी छुट दिने सम्बन्धित निकायले तोकेको शर्त र सहमतिमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रचलित कानून बमोजिमको हदबन्दी व्यवस्था त्यस्तो संस्थाको सो जग्गाको हकमा लागू नहुने गरी छुट दिन सक्नेछ ।

तर त्यस्तो योजना कार्यान्वयन नै नगरेमा वा समितिले तोकिदिएको शर्त वा मापदण्ड अनुसार कार्यान्वयन नगरेको भनी समितिले निर्णय गरेमा त्यस्तो संस्थाले जग्गाको हदबन्दी सम्बन्धी सुविधा पाउने छैन ।

■१२ग. ◙स्थानीय तहले जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सक्ने:

१२ग.१ ◙स्थानीय तहले चाहेमा आफ्नो क्षेत्रभित्रको कुनै भागमा दफा १२ बमोजिम जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१२ग.२ उपदफा १२ग.१ बमोजिम ◙स्थानीय तहले जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने भएमा समिति गठन भएको ठाउँमा समितिको, समिति गठन नभएको ठाउँमा नगर विकास जिल्ला समन्वय समितिको र त्यस्तो समिति पनि गठन नभएको ठाउँमा नगर विकास केन्द्रीय समन्वय समितिको सिफारिस लिई त्यस्तो कार्यक्रम मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ ।

१२ग.३ दफा १२ बमोजिम जग्गा विकास कार्यक्रम सञ्चालन गर्दा ◙स्थानीय तहलाई यस ऐन बमोजिम समितिलाई भए सरहको अधिकार हुनेछ र ◙स्थानीय तहले त्यस्तो जग्गा विकास कार्यक्रम सञ्चालन गर्दा यस ऐन बमोजिम समितिले अपनाउनु पर्ने कार्यविधि र अन्य व्यवस्थाको पालना समेत गर्नु पर्नेछ ।

१२ग.४ उपदफा १२ग.१ बमोजिम जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने ◙स्थानीय तहलाई मन्त्रालय वा समितिले प्राविधिक तथा आर्थिक सुविधा उपलब्ध गराउन सक्नेछ ।

१३. आर्थिक स्रोत जुटाउने अधिकार:समितिले आफ्नो काम सुचारुरुपले सञ्चालन गर्नको लागि आवश्यक पर्ने खर्चको लागि नेपाल सरकारको पूर्व स्वीकृति लिई ऋण लिन, अनुदान प्राप्त गर्न वा अन्य कुनै किसिमबाट आर्थिक स्रोत जुटाउन सक्नेछ ।

कानून तथा न्याय राष्ट्रिय किताब खाना

■ तेस्रो संशोधनद्वारा थप ।

◙ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

■१३क. <u>अनुदान, सहयोग, ऋण दिन स्वीकृति लिनु पर्ने</u>:समितिले आफ्नो नाममा रहेको चल अचल सम्पत्ति कुनै व्यक्ति वा संस्थालाई चन्दा, अनुदान, सहयोग वा ऋण दिँदा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

१४. <u>समितिको कोषः</u>

१४.१ समितिको एउटा छुट्टै कोष हुनेछ । सो कोषमा देहायका रकमहरु रहने छन्:–

१४.१.१ नेपाल सरकारबाट प्राप्त अनुदान,

१४.१.२ नेपाल सरकार मार्फत कुनै अन्तर्राष्ट्रिय वा विदेशी संस्थाबाट प्राप्त रकम,

१४.१.३ समितिको चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

१४.१.४ समितिलाई प्राप्त अन्य कुनै रकम ।

१४.२ समितिको सबै रकम समितिको नाममा नेपाल राष्ट्र बैंक वा कुनै वाणिज्य बैंकमा जम्मा गरिनेछ ।

१४.३ समितिको तर्फबाट गर्नु पर्ने सम्पूर्ण खर्चहरु उपदफा १४.१ बमोजिमको कोषबाट व्यहोरिनेछ ।

१४.४ समितिको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१५. <u>समितिको लेखा र लेखापरीक्षणः</u>

१५.१ समितिको लेखा नेपाल सरकारको प्रचलित ढाँचा र तरिका बमोजिम राखिनेछ ।

१५.२ समितिको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

१५.३ नेपाल सरकारले चाहेमा समितिको हिसाब किताब सम्बन्धी कागजात र अरु नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

---

■ तेस्रो संशोधनद्वारा थप ।

कानून तथा न्याय मन्त्रालय

१६. जग्गा प्राप्त गर्ने:मन्त्रालयले नगर योजना कार्यान्वयन गर्न आवश्यक पर्ने जग्गा प्रचलित कानून बमोजिम प्राप्त गरी समितिलाई उपलब्ध गराई दिन सक्नेछ ।

१७. नगर विकास केन्द्रीय समन्वय समितिको गठन तथा काम, कर्तव्य र अधिकार:

१७.१ नेपाल [2]...... को विभिन्न इलाका, बजार *ग्रामीण क्षेत्र, नगर क्षेत्र र क्षेत्रीय विकास केन्द्रमा गठन हुने समितिहरुको काम कारबाहीमा समन्वय ल्याउन मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एक नगर विकास केन्द्रीय समन्वय समिति गठन गर्न सक्नेछ ।

१७.२ समितिमा रहने कुल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्यहरु जनप्रतिनिधि र समाजसेवी रहनेछन् ।

१७.३ उपदफा १७.१ बमोजिम गठित समितिमा रहने सदस्यहरु तथा त्यस्ता सदस्यहरुको पदावधि सोही उपदफा बमोजिमको सूचनामा तोकिदिए बमोजिम हुनेछ ।

१७.४ मन्त्रालयले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी उपदफा १७.१ बमोजिम गठित समितिका सदस्यहरुमा उपदफा १७.२ को अधीनमा रही आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

१७.५ उपदफा १७.१ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

■१७क. नगर विकास जिल्ला समन्वय समितिको गठन:

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

* पहिलो संशोधनद्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा थप ।

१७क.१ नेपाल 2....... को विभिन्न इलाका, बजार, ग्रामीण क्षेत्र र नगर क्षेत्रमा गठन हुने समितिहरुको काम कारबाहीमा जिल्लास्तरमा समन्वय ल्याउन मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नगर विकास जिल्ला समन्वय समिति गठन गर्न सक्नेछ ।

१७क.२ उपदफा १७क.१ बमोजिम गठित समितिमा रहने कुल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्यहरु जनप्रतिनिधि र समाजसेवी रहने छन् ।

१७क.३ उपदफा १७क.१ बमोजिम गठित समितिमा रहने अध्यक्ष तथा सदस्यहरुको पदावधि सोही उपदफा बमोजिमको सूचनामा तोकिदिए बमोजिम हुनेछ ।

१७क.४ मन्त्रालयले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी उपदफा १७क.१ बमोजिम गठित समितिका सदस्यहरुमा उपदफा १७क.२ को अधीनमा रही आवश्यक हेरफेर गर्न सक्नेछ ।

१७क.५ उपदफा १७क.१ बमोजिम गठित समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१८. सजायः

१८.१ कसैले दफा ९ अन्तर्गत समितिले नियमित, नियन्त्रण वा निषेध गरेका काम कुराहरु समितिको पूर्व स्वीकृति बिना गरेमा वा समितिले स्वीकृति दिँदा ▶कुनै शर्त वा मापदण्ड तोकिदिएको भए त्यस्तो शर्त वा मापदण्ड विपरीत हुने गरी गरेमा त्यस्तो व्यक्तिलाई समितिले अपराधको गाम्भीर्यता र अभियुक्तको हैसियत हेरी बढीमा ✂एक लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

✂ दोस्रो संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१८.२ कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम समितिले गरेको वा गर्न लागेको काम कारबाहीमा बाधा बिरोध गरेमा त्यस्तो व्यक्तिलाई समितिले ✖पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा ६ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

१८.३ कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम समितिले दिएको आदेश वा निर्देशन विपरीत कुनै काम कारबाही गरेमा त्यस्तो व्यक्तिलाई समितिले पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

१८.४ कसैले माथि लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीत अन्य कुनै काम कारबाही गरेमा त्यस्तो व्यक्तिलाई समितिले पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

❐१८.५ उपदफा १८.१ वा १८.२ बमोजिम समितिले कैदको सजाय गर्दा दफा २० बमोजिमको पुनरावेदन समितिमा साधक जाहेर गरी सदर भएपछि मात्र कार्यान्वयन गर्नु पर्नेछ ।

१९. पुनरावेदनः दफा १८ बमोजिम समितिले दिएको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सजायको आदेश पाएको मितिले पैंतीस दिनभित्र दफा २० बमोजिमको पुनरावेदन समितिमा पुनरावेदन गर्न सक्नेछ ।

२०. पुनरावेदन समितिः

*२०.१ दफा १० वा १८ बमोजिम समितिले दिएको आदेश उपर पुनरावेदन सुन्न नेपाल सरकारले आवश्यकतानुसार पुनरावेदन समितिहरु गठन गर्न सक्नेछ ।

---

✖ दोस्रो संशोधनद्वारा संशोधित ।

❐ दोस्रो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।

२०.२ पुनरावेदन समितिमा नेपाल सरकारले तोकेका देहायका सदस्यहरु रहनेछन्ः–

▶२०.२.१ उच्च अदालतको न्यायाधीश वा उच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेका कुनै व्यक्ति –अध्यक्ष

२०.२.२ सम्बन्धित विषयको विशेषज्ञ –सदस्य

२०.२.३ एकजना प्रतिष्ठित व्यक्ति –सदस्य

२०.३ पुनरावेदन समितिलाई बयान गराउने, साक्षी प्रमाण बुझ्ने, साक्षीलाई उपस्थित गराउने, लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार हुनेछ ।

२०.४ पुनरावेदन समितिको कार्य सञ्चालन सम्बन्धी कार्यविधि पुनरावेदन समिति आफैले निर्धारण गर्नेछ ।

■२०.५ पुनरावेदन समितिका सदस्यहरुको पदावधि, सेवाको शर्त वा सुविधा सम्बन्धी व्यवस्था नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ ।

२१. <u>असल नियतले गरेको कामको बचाउः</u>समिति वा पुनरावेदन समितिका सदस्य वा कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली वा विनियमावली बमोजिम आफ्नो कर्तव्य पालनको सिलसिलामा असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराबाट भएको कुनै हानि नोक्सानीको निम्ति व्यक्तिगत रुपमा जवाफदेही हुनु पर्ने छैन ।

तर कसैलाई अनावश्यक दुःख, हैरानी वा झन्झट दिने मनसायले कुनै काम गरेकोमा सम्बन्धित व्यक्ति त्यसका लागि जवाफदेही हुनु पर्नेछ ।

कानून तथा संसदीय मामिला मन्त्रालय

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा थप ।

२२. अधिकार प्रत्यायोजन:समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार समितिको कुनै सदस्य वा दफा ७ बमोजिम गठित उप–समिति वा समितिको कुनै अधिकृत कर्मचारीलाई आवश्यकतानुसार प्रत्यायोजन गर्न सक्नेछ ।

२३. नेपाल सरकारले निर्देशन दिन सक्ने:नेपाल सरकारले नगर योजनाको तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२४. नेपाल सरकारको अधिकार:

२४.१ यस ऐन अन्तर्गत गठित कुनै समितिले यस ऐन विपरीत कुनै काम गरेमा वा गर्न लागेमा नेपाल सरकारले त्यस्तो काम रोक्ने आदेश दिन सक्नेछ ।

२४.२ नेपाल सरकारले सार्वजनिक हितलाई ध्यानमा राखी आवश्यक देखेमा समितिले यस ऐन बमोजिम दिएको कुनै आदेश पूर्ण वा आंशिक रुपमा बदर गर्न सक्नेछ ।

२४.३ यस ऐन अन्तर्गत गठित कुनै समितिले गर्नु पर्ने काम पूरा गरिसकेको छ वा आफूले गर्नुपर्ने काम कर्तव्य वा निर्देशनको ➢पालना गरेको छैन भन्ने लागेमा वा समिति कायम राखी राख्न आवश्यक नदेखिएमा नेपाल सरकारले त्यस्तो समितिलाई विघटन गर्न सक्नेछ ।

२४.४ उपदफा २४.३ बमोजिम समिति विघटन भएको अवस्थामा र समिति गठन हुनुभन्दा पूर्व प्रारम्भिक कारबाहीको अवस्थामा समितिको हक तथा दायित्व नेपाल सरकारमा रहनेछ ।

---

➢ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

■२४क. प्रचलित कानून बमोजिम हुने:यस ऐनमा लेखिएको जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

⊕२४ख. मुद्दा सर्ने:(१) दफा २४ बमोजिम समिति विघटन भएमा समितिमा कारबाही भई छिन्न बाँकी मुद्दाहरु सम्बन्धित जिल्ला अदालतमा र दफा २० अन्तर्गत गठित पुनरावेदन समितिमा कारबाही भई छिन्न बाँकी मुद्दाहरु सम्बन्धित उच्च अदालतमा सर्नेछन् ।

(२) समितिले दिएको सजाय उपर ऐन बमोजिमको पुनरावेदन समितिमा पुनरावेदन लाग्ने रहेछ भने त्यस्तो पुनरावेदन सोही ऐनले तोकेको म्यादभित्र सम्बन्धित उच्च अदालतमा गर्न सकिनेछ ।

(३) समितिको हक, दायित्व नेपाल सरकारमा सर्नेछ र कागजात तथा अभिलेख नेपाल सरकारले तोकेको निकाय वा कार्यालयमा सर्नेछ ।

२५. नेपाल सरकारसँगको सम्पर्क:समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा ➢मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२६. नियमावली तथा विनियमावली बनाउन सक्ने:

२६.१ यो ऐनको उद्देश्य कार्यान्वयन गर्न यस ऐनको अधीनमा रही नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२६.२ यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही समितिले मन्त्रालयको स्वीकृति लिई आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

२७. छिन्न बाँकी मुद्दा सर्ने:यो ऐन प्रारम्भ हुँदा नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ अन्तर्गत गठित समितिबाट कारबाही भई छिन्न बाँकी मुद्दाहरु यस ऐन बमोजिम गठित समितिमा सर्नेछन् ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

■ तेस्रो संशोधनद्वारा थप ।

⊕ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५द्वारा थप ।

➢ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

२८. <u>खारेजी र बचाउः</u>

२८.१ नगर विकास समिति ऐन, २०१९ र नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ खारेज गरिएका छन् ।

२८.२ नगर विकास समिति ऐन, २०१९ र नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ अन्तर्गत गठित समितिहरुले गरिआएका काम कारबाही र हक तथा दायित्व यस ऐन बमोजिम गठित सम्बन्धित नगर विकास समितिमा सर्नेछन् ।

२८.३ यस ऐन बमोजिम नगर विकास समिति गठन नभएसम्म नगर विकास समिति ऐन, २०१९ र नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ अन्तर्गत गठित समितिहरु यसै ऐन बमोजिम गठन भए सरह मानी कायमै रहने छन् ।

---

<u>द्रष्टव्यः</u> (१) नगर विकास (पहिलो संशोधन) ऐन, २०४७ को दफा ६ निम्न बमोजिम रहेको छः-

"६. <u>मुद्दा सर्नेः</u> यो दफा प्रारम्भ हुँदाका बखत नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ अन्तर्गत कारबाही भई श्री ५ को सरकारमा पुनरावेदन परी छिन्न बाँकी रहेका पुनरावेदन तहका मुद्दाहरु मूल ऐनको दफा २० बमोजिमको सम्बन्धित पुनरावेदन समितिमा सर्नेछन् ।"

(२) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः-
"श्री ५ को सरकार"को सट्टा "नेपाल सरकार"।

(३) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर भएका शब्दहरुः-
"पुनरावेदन अदालत"को सट्टा "उच्च अदालत"।

(४) केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा दफा ११, १२, १२ख., १३, १३क., १४, १५, २०, २३, २४, २५ र २६ को उपदफा २६.१ बाहेक अन्यत्र ठाउँ ठाउँमा रहेका रुपान्तर गरिएका शब्दहरुः-
"नेपाल सरकार"को सट्टा "मन्त्रालय"।